Check against delivery

# नेपाल आदिवासी जनजाति महासङ्घ र आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिद्वारा आयोजित विश्व आदिवासी जनजाति दिवस ९ अगष्ट २००६ को उपलक्ष्यमा

## नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका अफिसर इञ्चार्ज डेभिड जोन्सनले दिनुभएको सम्बोधन भाषण

म आजको कार्यक्रमका आयोजकहरू नेपाल आदिवासी जनजाति महासङ्घ (नेआजम) तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिलाई तपाईहरूसमक्ष उपस्थित हुनका लागि निम्तो दिनुभएकोमा धन्यवाद दिंदै सुरु गर्न चाहन्छु । मेरो नाम डेभिड जोन्सन हो र इयान मार्टिन न्युयोर्कमा भएकाले नेपालस्थित उच्चायुक्तको कार्यालयको म अफिसर इञ्चार्ज हुँ । यो विश्वभरका आदिवासीहरूका लागि महत्वपूर्ण दिन हो र त्यसैले संयुक्त राष्ट्रसङ्घका लागि पनि महत्वपूर्ण दिन हो । यो सप्ताहव्यापी समारोहका लागि आयोजकहरू तथा नेपालका सबै जनजातिका आदिवासीहरूलाई बधाई ज्ञापन गर्न चाहन्छु ।

नेपालका आदिवासीहरूले आफ्ना मौलिक मानवअधिकारहरूको पहिचानका लागि गरेको सङ्घर्ष लामो छ, र यो प्रजातान्त्रिक सङ्क्रमणको महत्वपूर्ण अवधिमा प्रवेश गरिरहेको छ । नेपालीहरू लामो द्वन्द्वको अन्त्य गर्न र स्थायी शान्ति निर्माण गर्न तथा जनआन्दोलनको प्रजातान्त्रिक मर्मअनुरूप राज्यलाई रूपान्तरण गर्न काम गरिरहेका बेला, आदिवासी नेपालीहरूले राज्यका नीतिहरू तथा कानुनी ढाँचाभित्र उनीहरूका अधिकारहरू समावेश गरियोस् र ती अधिकारहरूको संरक्षण र संवर्द्धन गर्न ठोस कार्य गरियोस् भन्ने कुराको सुनिश्चित गर्नका निम्ति यो घडीलाई सही समय ठम्याएका छन् ।

तपाईहरूलाई थाहा नै छ सशस्त्र द्वन्द्वको सन्दर्भमा भएको दयनीय मानवअधिकारको स्थितिले गत वर्षको मई महिनामा उच्चायुक्तको कार्यालयलाई नेपाल ल्यायो । हाम्रो कार्यालयले आफ्नो पहिलो वर्षको अधिकांश समय यही द्वन्द्व र राजनीतिक मुठभेडको सन्दर्भमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई रोक्न र न्यून गर्ने कोसिस गर्दै बितायो । यस कार्यमा आदिवासीहरूले चरम र असमानुपातिक पीडा भोग्नु परेको हामीले प्रायः पायौं । उदाहरणका लागि, हाम्रो कार्यालयले बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूसम्बन्धी तयार पारेको दस्तावेजमा यसरी बेपत्ता पारिएकाहरूमध्ये अधिकांश बहुसङ्ख्यक मानिसहरू थारू समुदायका छन् । नेपालको यो नयाँ युगमा, विगतमा भएका उल्लङ्घनहरूलाई सम्बोधन गर्न, दण्डहीनतालाई तोड्न, जवाफदेहीतालाई स्थापित गर्न तथा पीडित र तिनका परिवारहरूलाई सहयोगन गर्न आवश्यक छ ।

नेपालस्थित उच्चायुक्तको कार्यालयले जात वा जातियतामा आधारित लामो समयदेखि रहँदै आएको भेदभावको मुद्दालाई सम्बोधन गर्न बढी भन्दा बढी आफ्नो ध्यान केन्द्रित गरिरहेको छ । यस कार्यमा, हामी आदिवासी तथा "तल्लो जात" का भनिने महिलाहरू जसले प्रायः विभिन्न किसिमका पीडा सहनु परेको छ तिनको स्थितिप्रति विशेष ध्यान दिइरहेका छौं ।

तपाईहरूलाई थाहा छ, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीमा भेदभाव एउटा प्रमुख सरोकारको विषय हो, जसमा आदिवासीहरूको संरक्षणका लागि विशेष संयन्त्रहरू पर्दछन् ।

यस वर्ष, मानवअधिकार परिषद्ले आदिवासीहरूका अधिकारहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र हालसालै पारित गरेको सन्दर्भमा विश्व आदिवासी दिवस मनाउनुको विशेष महत्व रहेको छ । यो घोषणापत्र सरकारहरू र आदिवासी प्रतिनिधिहरूबीच २० वर्षभन्दा बढी समयदेखि हुँदै आएका वार्ताहरूको प्रमुख उपलब्धि र परिणाम हो । यो घोषणापत्रले संसारभरिका हजारौं आदिवासीहरूका आशा बोकेको छ, जो आफ्ना अधिकारहरूको पहिचान, आफ्नो साँस्कृतिक सम्पदा र परम्परागत ज्ञानको संरक्षणका लागि लडिरहेका छन् र जो आफ्नो दैनिक जीवनमा साँच्चिकै सुधारको चाहना राख्छन् । यस वर्षको अन्त्यतिर महासभाद्वारा यो घोषणापत्र पारित भएपछि अन्ततः विश्वभरका आदिवासी सङ्गठनहरूसँग सबै ठाउँमा आदिवासी समुदायहरूका अधिकारको निम्ति सम्मान प्राप्त गर्ने प्रयासका खातिर प्रमुख औजार हुनेछ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनले सन् १९८९ मा पारित गरेको र आईएलओ महासन्धि १६९ भनेर चिन्हिने आदिवासी तथा जनजाति महासन्धि अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज हो ।

नेपालले आईएलओ महासन्धि १६९ लाई अनुमोदन गर्न बाँकी नै छ । यस वर्षको जुलाईमा प्रतिनिधिसभाका सम्माननीय सभामुखले राजनीतिक नेता तथा कार्यकर्ताहरूको एक भेलामा महासन्धिको महत्वबारे एउटा वक्तव्य दिनुभयो । म महासन्धिका दुईवटा मूल अवधारणाहरूमा जोड दिन चाहन्छु, जुन सभामुखले त्यस बेलाको कार्यक्रममा उल्लेख

गर्नुभएको थियो : आदिवासी समुदायहरू र सङ्गठनहरूसँगको परामर्श तथा उनीहरूको सहभागिता । यी दुई मूल सिद्धान्तहरूले नै शान्तिनिर्माण र प्रजातान्त्रिक सङ्क्रमणको यो घडीमा नेपाललाई पथप्रदर्शन गर्नुपर्दछ । हामीले उनीहरूको जीवनलाई प्रत्यक्षरूपले असर गर्ने सबै प्रश्न र कार्यक्रमहरूसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी हुन पाउने आदिवासीहरूको अधिकारलाई पूर्णरूपले सम्मान गर्नुपर्दछ भन्ने कुराको सुनिश्चित गर्नुपर्दछ ।

यी सिद्धान्तहरूलाई जातिय भेदभाव उन्मूलन समितिको सन् २००४ को सबभन्दा पछिल्लो आफ्नो प्रतिवेदनमा उल्लिखित निष्कर्षहरूले साथ दिएका छन् । समितिले आफ्नो प्रतिवेदनमा भन्यो, “सरकार, व्यवस्थापकीय निकायहरू तथा न्यायपालिकामा सुविधाविहीन समूहहरूको कम प्रतिनिधित्व भएकोमा यो चिन्तित छ” र यसले “उनीहरूको सार्वजनिक र राजनीतिक जीवनमा सक्रिय सहभागिताको महत्वलाई” जोड दियो । राज्यले “सुविधाविहीन समूहका सदस्यहरूलाई चुनावमा भाग लिन पाउने, चुनावमा उठ्न तथा मत हाल्न पाउने, र सरकार, व्यवस्थापकीय निकायहरू र न्यायपालिकामा उचित प्रतिनिधित्व गर्न पाउने अधिकार”को प्रत्याभूति गर्न राज्यले विशेष उपायहरू लागु गर्नुपर्दछ” भनी समितिले सिफारिस गर्‍यो ।

यसलाई साकार पार्नका लागि नेआजम तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिले नेपाली जीवनका सम्पूर्ण तप्काका आदिवासीहरूले वर्तमानमा देखापरिरहेका महत्वपूर्ण राजनीतिक प्रक्रियाहरूमा पूर्णरूपले भाग लिन सकून् भन्ने सुनिश्चित गर्न देशभरका आदिवासी समुदाय तथा राष्ट्रिय तहका निर्णयकर्ताहरू दुवैसँग मिलेर काम गर्नु आवश्यक हुनेछ । म तपाईहरूलाई नेपालका केही अत्यन्त सुविधाविहीन आदिवासी समुदायहरूमा आफ्नो ध्यान केन्द्रित गर्न अनुरोध गर्दछु र त्यसका लागि तपाईहरूसँग मिलेर काम गर्न नेपालस्थित उच्चायुक्तको कार्यालयका प्रयासहरूको प्रतिबद्धता दोहोर्‍याउदँछु ।

धन्यवाद !